Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI : https://doi.org/10.3126/anweshan.v3i1.81975
Research Article
ISSN: 3021-9035 Print

# नाथ सम्प्रदाय र नेपाली समाज

***योगी दयानाथ***
*dayanath171@gmail.com*


## *लेखसार*

यस लेखमा नेपालमा नाथ परम्पराको गौरवमय पक्ष र समाजमा यसको प्रभावका बारेमा प्रकाश पारिएको छ । नेपालमा नाथ परम्पराको ऐतिहासिक पक्ष, नाथ सम्प्रदाय र अन्य सम्प्रदाय खास गरी बौद्ध सम्प्रदायबिच रहेका समानताका कुराहरू पनि प्रस्तुत लेखमा समेटिएको छ । नाथ सम्प्रदायअन्तर्गत नाथका पन्थहरू, नव नाथ चौरासी सिद्ध परम्परा, नाथ सिद्ध र बौद्ध सिद्धहरूका कुरा पनि लेखमा समावेश गरिएको छ ।



## *शब्दकुञ्जी*

गोरखनाथ, नवनाथ, चौरासी सिद्ध ।


## *विषय प्रवेश*

नेपाली समाजमा गोरखनाथ र नाथ सम्प्रदायको सम्बन्ध कति गहिरो छ भन्ने कुरा नेपाली जनजिब्रोमा सधैँ आउने उखान 'जुन जोगी आए पनि कानै चिरेको' (पौड्याल, २०६७ पृ १७३) भन्ने उखानबाट प्रस्ट हुन्छ । संसारका विभिन्न देशमा जहाँ नेपाल र भारतका मानिसहरू पुगेका छन्, त्यहाँ नाथहरू पनि पुगेका छन् । उनीहरूसँगै नाथ चिन्तन तथा साधना पनि पुगेको छ । यसका साथै नाथ परम्पराका अनुयायीहरूका दार्शनिक आधार र प्रमुख स्रोत सिद्ध मत्स्येन्द्रनाथ र सिद्ध गोरखनाथ हुन् (शर्मा,२०७९ पृ. १)। प्रा.डा. कृष्णचन्द्र शर्माको यो भनाइले पनि नाथ परम्परा र समाजको सम्बन्धलाई थप पुष्टि गरेको छ।

नेपाली समाजले जोगी भनेको कान चिरेका हुन्छन् भन्ने बुझेको छ। कान चिरेका जोगी नाथ योगी हुन् र यो कान चिर्ने परम्पराको सुरुवात उज्जैनका राजा भर्तृहरिले आजभन्दा झण्डै दुई हजार वर्ष पहिले गरेका थिए । कानको बिच भागमा चिरा पारेर कुण्डल (दर्शनी) लगाउने गरिन्छ। कानको बिचमा चिरेर कुण्डल लगाउनका लागि कान चिरा (प्वाल बनाउने तरिकालाई) भर्तृहरि चिरा पनि भनिन्छ (योगी बलभद्रनाथ, अन्तरवार्ता २०८२ असार १)। राजा भतृहरिको मनमा वैराग्य उत्पन्न हुनुमा गोरखनाथको कृपा थियो । उनी नाथपन्थमा आएपछि कानको तल्लो भाग लोतीमा लगाइने कुण्डल कानको बिच भागमा चिरा पारेर ठुलो कुण्डल लगाउने परिपाटी चलेको हो ।

राजा भतृहरि राजा विक्रमादित्यका दाजु थिए (योगी बलभद्रनाथसँग वार्ता २०८२ असार १)। उनी विशालनगर (हालको काठमाडौँ उपत्यका भित्रको एउटा सहर) का राजा थिए (पौडेल, २०२० पृ.६२) । नेपाल (तत्कालीन विशालनगर) का राजा विक्रमादित्यको राज्य उज्जैनसम्म विस्तारित थियो (Bhattarai, n.d.)। भारतमा रहेको उज्जैन र काठमाडौँका कैयौँ कुराहरूमा समानता रहेको पाइएको छ । जस्तो– बत्तिसपुतली, दक्षिणकाली, पशुपतिनाथ, बागमती नदी, हरिसिद्धि आदि । यी सबै कुरामा विचार गर्दा सहजै के अनुमान लगाउन सकिन्छ भने राजा विक्रम (विक्रमादित्य) ले उज्जैनमा समेत राज्य गरेका थिए (Bhattarai, n.d.) । यिनै विक्रम सेन (विक्रमादित्य) को पालाबाट विक्रम संवत् चलेको थियो ।

विक्रम सेन अर्थात् राजा विक्रमादित्यको नामबाट चलेको विक्रम संवत्बारे भाषा वंशावली भाग २ मा यस्तो लेखिएको छ– अस्य पुत्र श्रीराजा नन्ददेव भोग वर्ष १३ यी

राजाले सिखरापुर मतिलिनगर दुई सहरको राज्य गर्दै थिया। यिनै राजाले विक्रमादित्य सेनका पूर्व कथा सुनी विक्रमादित्य संवत्सर नेपाल आदि पूर्वपश्चिममा अघि वेस गरी नचल्याको विक्रमादित्य संवत्सर प्रख्यात गरी चलाइदिया (लम्साल, २०३२, पृ.१)। यसप्रकारले विक्रम संव्तको प्रचलनको कुरा जोडिने गरेको छ। नाथ सम्प्रदाय खासगरी गोरखनाथ नेपाली समाजमा अभिन्न अङ्गका रूपमा रहेको पाइन्छ। धामीझाक्रीहरूको सावर मन्त्रमा पनि 'गुरु गोरखनाथकी बाचा' भन्ने शब्द आउनु नेपाली समाजमा नाथ र गोरखनाथको गहिरो सम्बन्ध रहेको बताउन सकिन्छ। पृथ्वीनारायण शाहपछि त नेपाली सिक्का र नोटहरूमा गोरखनाथ अभिन्न रूपले छापिदै आएको छ। अहिले पनि नेपाली नोटहरूमा 'श्री श्री श्री गोरखनाथ' लेखिएको पाइन्छ।

गोरखनाथ र मत्स्येन्द्रनाथलाई आदर्श, मुक्ति तथा वैभवका स्रोत मानेर यो परम्परालाई स्वीकार गरेर साधना गर्ने साधुसन्त वा अनुयायीहरूलाई नाथ भन्ने गरेको पाइन्छ। नाथ योगी योग र तन्त्र विद्यामा पारङ्गत हुन्छन् भन्ने मान्यता रहिआएको छ। नाथ शब्दको अर्थ यसरी लगाइएको छ– स्वामी, मालिक, पति, खसम, ईश्वर, भगवान्, गोरखनाथ वा मत्स्येन्द्र नाथका साधुको एक उपाधि, खानदानदेखि मान्दै आएका गुरु र गुरुजन, प्रार्थनीय, अनुरोध (शर्मा,२०७१ पृ. ७९३)। न अथ इति नाथः अर्थात् जसको तलमाथि, यताउता वा यसभन्दा पर केही र कोही पनि छैन भन्ने अर्थ बोध गरिएकाले उही परब्रह्म परमतत्त्व नाथ हो भन्ने विश्वास रहँदै आएको छ (धमला २०७९ पृ ४)।

गोपीनाथ कविराज सम्पादित गोरक्षसिद्धान्तसङ्ग्रहलाई प्रमाणिक ग्रन्थ मानिएको छ। राजगुह्यका अनुसार 'नाथ' शब्दमा आएको 'ना' ले अनादि रूप र 'थ' ले भुवनत्रयको अर्थ बोध गराएको छ। यसरी हेर्दा 'नाथ'लाई अनादि र भुवनत्रयका रूपमा व्याख्या गरिएको पाइन्छ। यसले उक्त रूपको स्थितिको कारण बताएको छ। शक्तिसङ्ग्रहतन्त्रले 'ना' को अर्थ ब्रह्मज्ञानबाट मोक्षदानमा दक्ष हुनु र 'थ' ले अज्ञानता हटाउने अर्थमा लगाइएको पाइन्छ। मुख्य रूपमा भन्नुपर्दा 'नाथ' भनेको एउटा तत्त्व हो, जसले अज्ञानता हटाएर ज्ञान र मोक्ष, ब्रह्म वा परमतत्त्व प्राप्त गर्न सक्दछ। उक्त दुवै मतलाई नियाल्दा नाथले परमतत्त्वको बाधक अज्ञानता हटाएर ज्ञान र मोक्ष दिन्छ (धमला २०७९ पृ. ५)। यसैगरी हिन्दी शब्दकोशले पनि नाथका बारेमा यस्तो लेखेको पाइन्छ– प्रभु, स्वामी, मालिक, पति, गोरखपन्थी, साधुवोंकी एक पदवी, जो उनके नामोंके साथ ही जुडी रहती है (नवलजी, सन् २०१३ पृ.६८८) यसरी नाथ शब्दको अर्थ विभिन्न रूपमा लगाउने गरेको पाइए तापनि नेपालको सन्दर्भमा नाथ सम्प्रदायमा चाहिँ आफ्नो गोत्र त्यागेर निरञ्जन गोत्रमा प्रवेश गरी दीक्षित भएर जनै वा शिवसूत्र धारण गरेका योगीहरू नाथका नामले सम्बोधन गर्ने परम्परा रहेको पाइन्छ।

## *अध्ययन विधि*

यो वर्णनात्मक अध्ययन विधिमा आधारित भएकाले पुस्तकालय अध्ययन विधिमा धेरै केन्द्रित भएर अनुसन्धान गरिएको छ। उपलब्ध र प्राप्त नाथ साहित्यलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ। नेपाली दर्शनी नाथहरूसँग छलफल र छोटा अन्तर्वार्ताका माध्यमबाट पनि धेरै तथ्याङ्क लिइएको छ। स्थलगत रूपमा फर्पिङको गोरखनाथ गुफा, पद्मसम्भवले ध्यान गरेको क्षेत्र, गोरखनाथ मठ मृगस्थली, थापाथली, रतननाथ मठ दाङ, योगी नरहरि नाथ आश्रम, देवघाट चितवन, शिवगोरक्षनाथ सिद्धाश्रम, पोखराको स्थलगत अध्ययन तथा ती मठका महन्त र मठाधिससहित अन्य नाथ योगीहरूको अनुभव तथा गुरुशिष्य परम्पराबाट प्राप्त ज्ञान पनि प्रस्तुत अध्ययनमा उपयोग गरिएको छ।

## *नाथका प्रकार*

नेपालमा दीक्षाका हिसाबले नाथहरूका तीन प्रकार रहेको पाइन्छ। जस्तै–

***उपदेशी–*** जसले गुरुबाट उपदेश र मन्त्र लिएर गुरु तथा परम्पराको आर्शीवाद प्राप्त गरी मन्त्र जप साधना गरेर सिद्धि गर्ने मार्गमा अनवरत रूपमा लाग्छ; उसलाई उपदेशी भनिन्छ। उपदेशी साधकहरूले नाथ दीक्षा लिए पनि नाथ नाम पाएका हुँदैनन्।

***औघड नाथ–*** यसमा गुरुबाट परम्पराअनुसार नाथ जनै (शिवसूत्र) प्रदान गरिन्छ। यो भेडाको कालो ऊनको

बनाइन्छ। यसमा तीनोटा मालाका दानाहरू ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा राखिएका हुन्छन्। साथै पवित्री र नादी पनि सँगै राखिएको हुन्छ; जसमा पवित्रीलाई शक्ति र नादीलाई शिवको प्रतीक मानिन्छ। अनुयायी जुन गोत्रका भए पनि जनै वा शिवसूत्र धारण गरिसकेपछि उसको गोत्र निरञ्जन हुन्छ। यसरी नाथ जनै धारण गरेको साधक औघड वा जनैधारी नाथ बन्दछ। यो जनै/शिवसूत्र नाथ नारीहरूले पनि धारण गर्न सक्छन्। यसमा लिङ्गभेद गरिंदैन। नाथ जनै धारण गरेका नारी या पुरुष दुवैलाई नाथजी महाराज शब्दले सम्बोधन गर्ने गरिन्छ।

***दर्शनी नाथ-*** नाथ सम्प्रदायका दीक्षासम्बन्धी विधिहरू पूरा गरिसकेपछि कर्णभेद/कान चिर्ने दीक्षा दिइन्छ। परम्पराअनुसार गुरुले चेलालाई कर्णभेद गरेपछि कानमा कुण्डल लगाइदिने परम्परा छ। यी प्रक्रिया पूरा गरिसकेपछि कानमा औषधीय गुण भएको काठको टुक्रा ठेडीको रूपमा राखिन्छ। त्यसपछि उसलाई एकान्त बासमा नौ दिनसम्म राखिन्छ। कुण्डल लगाइसकेपछि यी नाथलाई दर्शनी नाथ भनिन्छ। कर्णकुण्डल नाथ जोगीलाई चिनाउने बाह्य प्रतीक हो। उनीहरूले कानमा लगाउने गोला ठुलाठुला कुण्डल हुन्छन्। यस्ता कुण्डल माटाका, धातुका, हात्तीका दाँत, सुनचाँदी या पत्थर अथवा गैंडाका छालाबाट पनि बनाइएका हुन्छन्। कान चिरेर कुण्डल लगाउने भएकाले नै यिनीहरूलाई दर्शनी भनिएको हो। भारतमा कतैकतै कुण्डललाई दर्शन पनि भनिएको पाइन्छ। कसैले नाथहरूलाई अपहेलना गरी कानफटा जोगी पनि भन्ने गरेको पाइन्छ (शर्मा,२०७९ पृ.५३)।

## *गृहस्थ र फक्कड (ब्रह्मचारी)*

नाथहरू गृहस्थ र फक्कड दुवै थरीका हुने गरेको पाइन्छ। नेपाली शब्दकोशअनुसार फक्कड भन्नाले फकिर–फकरा भन्ने बुझिन्छ। यसैगरी फक्कडदास भन्नाले फकिरको अभिनय वा सिको गर्ने, फकिर आचरण गर्ने, झिटीझाम्रो केही पनि नभएको, हरिकङ्गाल (शर्मा, २०७९ पृ.९७८)। मनमा धर्मको बिज या वैराग्य उत्पन्न भएको छ भने कोही गृहस्थ साधक गृहस्थ आश्रममै रहेर पनि गृहस्थ धर्म मान्दै नाथ बन्न सकिने र त्यही आचरणमा रहन सकिने देखिन्छ भने गृहस्थ आश्रममै प्रवेश नगरिकन ब्रह्मचारी अवस्थाबाटै आश्रममा गएर गुरुको अनुचर भएर नाथ बनेर साधना गर्न पनि सकिन्छ।

## *नवनाथ परम्परा*

नाथ सम्प्रदायमा नवनाथ अवतारलाई सबैभन्दा महत्त्वपूर्ण अवतार मानिन्छ। ती यसप्रकार रहेका छन्–

१. आदिनाथ (शिव)
२. उदयनाथ (पार्वती)
३. सतनाथ/सत्यनाथ (ब्रह्मा)
४. सन्तोषनाथ (विष्णु)
५. अचलनाथ (शेषनाग)
६. कुन्थडिनाथ (गणेश)
७. चौरङ्गीनाथ (चन्द्रमा)
८. मत्स्येन्द्रनाथ (हरिहर)
९. गोरख नाथ(हरिहर)

(योगी,२०२५पृ.६८)

कहीँकहीँ माथि उल्लेखित नव नाथका नामभन्दा फरक नाम पनि प्रयोग गरिएको पाइन्छ।

आदिनाथ भन्नाले शिवलाई बुझिन्छ भने उदयनाथ भन्नाले पार्वतीलाई बुझिन्छ। नाथ परम्पराको सुरु पनि आदिनाथ र उदयनाथ वा शिवपार्वतीबाटै भएको मानिन्छ।

## *चौरासी सिद्धहरू*

गोरखनाथ परम्परामा र बौद्ध परम्परामा चौरासी सिद्धहरूलाई विशेष महत्त्व दिने गरेको पाइन्छ। चौरासी सिद्धहरूको जीवनी पढ्नाले जोसुकैमा पनि उनीहरूप्रति, धर्म र परम्पराप्रति श्रद्धा उत्पन्न हुने सच्चा साधकलाई साधना गरेर मोक्ष प्राप्त गर्नलाई उत्प्रेरणा मिल्दछ।

## *गोरखनाथ परम्पराका चौरासी सिद्धहरूका नामहरू*

१. ओम्, २. सोहं, ३. आदिकुमारी, ४. कालाङ्ग, ५. गौराङ्ग, ६. गोरक्ष, ७. चौरङ्गी, ८. चर्पती, ९. श्रगी, १०.

अचल, ११. मिन, १२. मत्स्येन्द्र, १३. संजाई, १४. कपिल, १५. काणेरी, १६. कन्थडि, १७. ब्रह्मनन्द, १८. गोविन्द, १९. अचलेश्वर, २०. बालगुंदाइ, २१. वीखङ्क, २२. सारस्वताई, २३. सागरगन्ध, २४. बुद्धाई, २५. भूताई, २६. कुण्डली, २७. कम्बली, २८. माण्डूकीपाव, २९. जालन्धर, ३०. श्रगारिपाव, ३१. कानिपाव, ३२. नचिकेत, ३३. बिचारनाथ, ३४. धूर्मनाथ, ३५. वनखण्डी, ३६. हालिपाव, ३७. नन्दाइ, ३८. अमराइ, ३९. तनुकुब्ज, ४०. अगोचर, ४१. नागार्जन, ४२. सनक, ४३. सबन्दन, ४४. सनातन, ४५. सनत्कुमार, ४६. भग्नपात्र, ४७. धामक, ४८. धूमक, ४९. खेचर, ५०. भूचर, ५१. शिवगोस्वामि, ५२. लोहाटपद, ५३. अंजाइपाव, ५४. अवघट, ५५. चर्मगोस्वामि, ५६. गावसिद्ध, ५७. सौरी, ५८. भ्रमर, ५९. चंदेरी, ६०. अचली, ६१. विराशंखा, ६२. विलाप, ६३. मिलवा, ६४. मुक्ताई, ६५. चर्मरावल, ६६. मालकी, ६७. घोडाचौली, ६८. प्रकटीपाव, ६९. लोहा, ७०. गुणिहर्ष, ७१. वारिपाव, ७२. अस्थिपाव, ७३. सूत्रदण्ड, ७४. पहूपना, ७५. नागेश, ७६. कुलालिपाव, ७७. कर्पटी, ७८. कनकाई, ७९. हिमालय, ८०. तुषकाई, ८१. बालनाथ, ८२. मालाकार, ८३. गिरिवरनाथ, ८४. रामनाथ (ज्ञवाली २०७६ पृ. ३९)

## सिद्ध रतननाथ मठ दाङले तयार गरेको चौरासी सिद्धहरूको नामावली

१. आदिनाथजी, २. उदयनाथ, ३. सत्यनाथ, ४. सन्तोषनाथ, ५. अचलनाथ, ६. कन्थडीनाथ, ७. चौरङ्गीनाथ, ८. मत्स्येन्द्रनाथ, ९. गोरक्षनाथ, १०. चर्पटनाथ, ११. बिचारनाथ, १२. शृङ्गरीनाथ, १३. शावरानन्दनाथ, १४. नार्गाजुननाथ, १५. वनखंडीनाथ, १६. धूर्मनाथ, १७. गिरिवरनाथ, १८. बालकनाथ, १९. श्रवणनाथ, २०. रत्ननाथ, २१. तारानाथ, २२. चन्दनाथ, २३. पिप्पलनाथ, २४. सुन्दरनाथ, २५. सरस्वतीनाथ, २६. प्रभुनाथ, २७. भावनाथ, २८. पाणिनाथ, २९. वीरनाथ, ३०. सपादनाथ, ३१. कायानाथ, ३२. गौरनाथ, ३३. खर्पिूनाथ, ३४. खेचरनाथ, ३५. मण्डपनाथ, ३६. लौपिपादनाथ, ३७. ज्वालानाथ, ३८. प्रण्यपादनाथ, ३९. गम्भीरनाथ, ४०. नागनाथ, ४१. ब्रह्मनाथ, ४२. रवेणनाथ, ४३. अडवङ्गनाथ, ४४. विरूपवङ्कक्षनाथ, ४५. मेरुनाथ, ४६. कुर्मनाथ, ४७. मल्लिनाथ, ४८. पूर्णमल्लनाथ, ४९. जोगरावलनाथ, ५०. अंगमरावलनाथ, ५१. शीलनाथ, ५२. शिवनाथ, ५३. मकरध्वजनाथ, ५४. गोविन्दनाथ, ५५. गहनीनाथ, ५६. निवृतिनाथ, ५७. ज्ञाननाथ, ५८. मुक्तिनाथ, ५९. सोपाननाथ, ६०. चाङ्गदेवनाथ, ६१. विभाण्डकनाथ, ६२. भग्रभाण्डनाथ, ६३. याज्ञवल्क्यनाथ, ६४. चतुर्भुजनाथ, ६५. लक्ष्मणनाथ, ६६. भगवन्तनाथ, ६७. उपन्तनाथ, ६८. धीरजनाथ, ६९. शुकनाथ, ७०. वामनाथ, ७१. मार्कण्डेयनाथ, ७२. जलन्धरनाथ, ७३. कानिपानाथ, ७४. चडियानाथ, ७५. ब्रधनाथ, ७६. सारंनाथ, ७७. चोलनाथ, ७८. कपिलनाथ, ७९. मल्लिकानाथ, ८०. विमलनाथ, ८१. पुण्यानन्दनाथ, ८२. स्वात्मनाथ, ८३. विश्वनाथ, ८४. आग्रनाथ (स्मारिका २०७६ पृ.१६९)

## बौद्ध परम्पराका चौरासी सिद्धका नामहरू

१. गुरु लुहिपा, २. गुरु लिलापा, ३. गुरु विरूपा, ४. गुरु डोम्बिपा, ५. गुरु शबरीपा, ६. गुरु सरहपा, ७. गुरु कङ्करिपा, ८. गुरु मिनपा, ९. गुरु गोरक्षपा, १०. गुरु चौरङ्गीपा, ११. गुरु वीणापा, १२. गुरु शान्तिपा, १३. गुरु तन्तिपा, १४. गुरु चमरिपा, १५. गुरु खड्गपा, १६. गुरु नागार्जुन, १७. गुरु कण्हपा, १८. गुरु कर्नरिपा, १९. गुरु थकनपा, २०. गुरु नरोपा, २१. गुरु श्यालिपा, २२.गुरु तिल्लिपा, २३. चत्रपा, २४. गुरु भद्रपा, २५. गुरु धुखन्धि, २६. गुरु अजोगी, २७. गुरु कलपा, २८. गुरु धोबीपा, २९. गुरु कङ्कनपा, ३०.गुरु कम्बलपा, ३१. गुरु डिङ्गिपा, ३२. गुरु भन्धेपा, ३३. गुरु तन्तिपा, ३४. गुरु कुकुरीपा, ३५. गुरु कुचिपा, ३६. गुरु धर्मपा, ३७. गुरु महिलपा, ३८. गुरु अचिन्तपा, ३९. गुरु भवह –भवट्ठ), ४०. नलिपा, ४१. गुरु भुसुकुपा, ४२. गुरु इन्द्रभूति, ४३. गुरु मेकोपा, ४४. गुरु कोदलिपा, ४५. गुरु कम्परिपा, ४६. गुरु जालन्धरपा, ४७. गुरु राहुलपा, ४८. गुरु धर्मपा, ४९. गुरु धोकरिपा, ५०. गुरु मेधिनीपा, ५१. गुरु पङ्कजपा, ५२. गुरु घण्टापा, ५३. गुरु जोकिपा, ५४. गुरु चलुकपा, ५५. गुरु गोधुरिपा, ५६. गुरु लुचिकपा, ५७. गुरु नगुणपा, ५८. गुरु जयान्द, ५९. गुरु चपरिपा, ६०. चम्पकपा, ६१. गुरु भिक्षनपा, ६२. गुरु धिलिपा, ६३. गुरु कुम्बरिपा, ६४. गुरु चर्बरिपा, ६५.

गुरु मणिभद्रापा, ६६. गुरु मेखलपा ६७. गुरु कनखला, ६८. गुरु किलि–किलपा, ६९. गुरु कन्तलिपा, ७०. गुरु बहुलिपा, ७१. गुरु उडिलिपा, ७२. गुरु कपालपा, ७३. गुरु किरपालपा, ७४. गुरु सागरपा, ७५. गुरु सर्वभक्ष, ७६. गुरु नागबोधि, ७७. गुरु दारिकपा, ७८.गुरु पुतलीपा, ७९. गुरु पनहपा, ८०. गुरु कोकिलपा, ८१.गुरु अनङ्गपा, ८२. लक्ष्मीकर, ८३. गुरु समुद्रपा, ८४. गुरु व्यालिपा (नवलजी २०१३ पृ. ९–१२)

### *नाथ सम्प्रदायका बाह्र पन्थ, प्रवर्तक, स्थान र प्रदेश*

| क्र.सं. | नाम | मूल प्रवर्तक | स्थान | देश/प्रदेश | विशेष |
|---|---|---|---|---|---|
| १ | सत्यनाथी | सत्यनाथ | पाताल भुवनेश्वर | उडिसा | सत्यनाथ स्वयं ब्रम्हाको नै नाम हो त्यसैले यी मानिसहरू ब्रम्हको योगी कहलाउँछन्। |
| २ | धर्मनाथी | धर्मराज युधिष्ठिर | दुल्लु दैलेख | नेपाल | |
| ३ | रामपन्थ | श्रीरामचन्द्र | चौक तप्पे पञ्चौरा | गोरखपुर उ.प्र. | यो समय यी मानिसहरू गोखरपुरको स्थानलाई नै आफ्नो स्थान मान्दछन्। |
| ४ | नटेश्वरी | लक्ष्मण | गोरखटीला | झेलम (पञ्जाब) | यसका दुइटा शाखा छन्–नाटेश्वरी र दरियापन्थी |
| ५ | कन्थडी | गणेश | मानफरा | कच्छ | |
| ६ | कपिलानी | कपिल मुनि | गङ्गासागर | बङ्गाल | यो समय कलकता(दमदमको नजिक गोर खवंशी यिनको स्थान हो। |
| ७ | वैरागपन्थ | भर्तृहरि | राताढूंढा | पुष्कर नजिक अजमेर | |
| ८ | माननाथी | गोपीचन्द | टाई | जिला सीकर (राज) | यो समय जोतपुरको महामन्दिर मठ नै यसको स्थान हो। |
| ९ | आईपन्थ | भगवती विमला | जोगी गुफा वा गोरख कुंई | बंङ्गलको दिनजपुरमा | |
| १० | पागलपन्थ | चौरङ्गीनाथ (पुनभगत) | अबुहर | पञ्जाब | |
| ११ | धजपन्थ | हनुमान जी | | | |
| १२ | गङ्गानाथी | भिष्म पितामह | जखबार | गुरदासपुर (पञ्जाब) | |

*(योगी २०७७ पृ.५९-६०)*

### *लौरो र बाजाहरूका नाम पनि गोरखकाली ?*

पहिले हुलाक सेवा चलनचल्तीमा भएको बेलामा हुलाकीले टुप्पो तिखो भएको र साना दुइटा घण्टी पनि झुण्ड्याइएका भालाजस्तो लौरो टेक्ने चलन थियो। यो लट्ठीको मतलब हुलाकी आयो भन्ने आवाज दिनु पनि हो। नेपाली लोकबाजा सङ्ग्रहालयका रामप्रसाद कँडेलका अनुसार यो लौरोमा पहेँलो ध्वजा लगाइएको छ भने त्यो छिर्लिङ गोरख छिर्लिङ हो र रातो ध्वजा लगाइएको छ भने त्यो छिर्लिङ काली छिर्लिङ हो।

नेपाली लोक बाजा सङ्ग्रहालय टेकुमा गोरखकाली छिर्लिङबाहेक पृथ्वीनारायण शाहकालीन सञ्चार सम्पर्कका लागि प्रयोग हुने गारेरखकाली बाजा, युद्ध तथा विभिन्न यात्रामा साइत जुराएर शक्तिसहितको आशीर्वाद दिनका लागि प्रयोग हुने गोरखनाथ बाजा आदि देख्न सकिन्छ। यी सामाग्रीहरूसँग नेपाली समाजमा गोरखनाथ र नाथ सम्प्रदायको गहिरो सम्बन्ध रहेको पाइन्छ।

### *फेरी/फिरी परम्परा*

फेरी/फिरी लगाउनु नेपाली नाथहरूको मौलिक परम्परा हो। यो नाथहरूले मन्त्रका माध्यमबाट गाउँटोल, घरद्वार बाँधेर सुरक्षा कवचभित्र राख्ने परम्परा हो ।

कालीगण्डकी अर्थात् रिडीको पानी ढलोदेखि पूर्वमा भारत र भुटानसम्म पनि फेरी लगाउने चलन छ। कालीगण्डकी पश्चिमतिर भने फेरी लगाउने चलन नभएको कुरा थापाथली मठका महन्त नारायणनाथले बताउनु हुन्छ। तन्त्रमन्त्रका माध्यमबाट घरगोठको बारबन्देज गर्ने चलन देशैभरि भए पनि कृष्णसारको सिँगको सिँगी बाजा बजाएर टोलगाउँकै गोरखनाथको सावर मन्त्रद्वारा बाध्ने काम गण्डकी नदी पश्चिम पानी ढलो पूर्वी नेपालमा व्यापक चलनचल्तीमा अद्यापि छँदैछ । खुल्ला रूपमा फेरी लाउने चलन पृथ्वीनारायण कालमा नुवाकोट दरबार नजिकैको एक चौतारोबाट सुरु भएको मानिन्छ। त्यतिबेला नाथ योगी चन्द्रनाथले यो खुल्ला फेरीको सुरुवात गरेको कुरा त्यसै वंशका योगी बलभद्रनाथ बताउनु हुन्छ। वर्षमा दुईपटक कार्तिक र चैत्रमा फेरी लगाउने चलन रहेको छ। फेरी लाउने परम्पराका बारेमा कृष्णचन्द्र शर्माले भन्नुहुन्छ– नेपालमा नाथयोगी र नेपाली समाजबिच घनिष्ठ सम्बन्ध देखिन्छ। नेपालका बस्तीहरूका सामाजिक सुरक्षासित नेपालको नाथ परम्परा जोडिएको छ। उदाहरणका लागि फेरी लगाउने चलन (शर्मा,२०७९ पृ. ५)

## फर्पिङ अभिलेख

नेपाल उपत्यकामा पृथ्वीनारायण शाहले विजय गर्नुभन्दा पहिले पनि गोरखनाथ सम्प्रदायका योगीहरू भएको प्रमाणका रूपमा फर्पिङमा रहेको गोरखनाथको पादुका र शिलालेखलाई लिन सकिन्छ। यो शिलालेख वि.सं. १४४७ मा राजा जयस्थिति मल्लको पालामा लेखिएको थियो। यो पादुका रहेको गुफालाई नाथ योगीहरूले गुरु गोरखनाथले तपस्या गरेको सिद्ध गुफाका रूपमा मान्दै आएका छन् भने बौद्धमार्गीहरूले असुर गुफा मान्दछन्। ने.सं. ५११ (वि.सं.१४४७) मा प्रसिद्ध राजा जयस्थिति मल्लको राज्यकालमा र जयथसिंहले प्रशासन चलाइरहेको समयमा अचिन्तनाथले शिला र गोरखपादुका निर्माण गरी प्रतिष्ठा गरेको व्यहोरा अभिलेखमा दिइएको छ (परिशिष्ट १:८) । यस अभिलेखमा यो पहाडको नाम 'ऋषितट' दिइएको छ भने ने.सं.७९३ (वि.सं. १७२९) अभिलेखमा 'लुसीपाकु' भनिएको छ। मध्यकालको पूर्वार्द्धमा संस्कृत भाषामा 'ऋषितट' र उत्तरार्द्धमा जनभाषा अर्थात् नेवारी भाषामा 'लुसीपाकु' भनिएको बुझिन्छ(श्रेष्ठ २०७८ पृ.७९)

## काठमाडौं अन्य ऐतिहासिक अभिलेखहरू

विभिन्न समयका छओटा ताम्रपत्र नाथ सम्प्रदायका बारेमा महत्त्वपूर्ण ऐतिहासिक लिखत प्रमाणहरू हुन् । ने.सं. ४९९, ५३७, ५४३, ५८५, ६०५ र ६३२ का ताम्रपत्रको अभिलेखले नाथसम्प्रदायबारे प्रशस्त सूचना दिएका छन्। ने.सं. ४९९ वि.सं. १४३६ को ताम्रपत्रमा राजा जयस्थिति मल्लले काष्ठमण्डप भवन हरिगनजोग अर्थात् नाथ–जोगीहरूलाई प्रयोग गर्न दिएको देखिन्छ । 'देवगोरक्ष' भनेर लेखिएकाले गोरखनाथलाई देवताका रूपमा सम्मान प्रकट गरेको पनि देखिन्छ (शर्मा, २०७९ पृ. १४३)। त्यस ताम्रपत्रमा 'योगी र दरसन जन' शब्दावलीले नाथयोगीलाई दर्शनधारी भनेर पनि सम्बोधन गरिने भएकाले त्यसतर्फ सङ्केत गरेको बुझिन्छ। काष्ठमण्डपको तल्लो तलामा रहेको गोरखनाथको मूर्ति पनि ताम्रपत्रको लिखतको समयकै हाराहारीको अनुमान गरिन्छ। नाथयोगीहरूले काष्ठमण्डप प्रयोग गर्ने अधिकार प्राप्त गरेपछि आफ्ना आराध्यदेव गोरखनाथको मूर्ति राखेको अनुमान गरिन्छ।

फर्पिङ बज्रयोगिनी मन्दिरको पश्चिमतर्फ डाँडामा गोरखनाथ गुफा रहेको छ । गुफा अगाडि गोरखनाथको पादुका र शिलालेख पनि स्थापना गरिएको छ। यो राजा जयस्थिति मल्लको राज्यकाल ने.सं. ५११ (वि.सं. १४४७) मा जोगी श्रीअचिन्तनाथद्वारा राखिएको हो (श्रेष्ठ,२०७८, पृ.१६१) यसरी मल्ल कालमै उपत्यकामा नाथ योगीहरूको अस्तित्व रहेको देखिन्छ।

काष्ठमण्डपको अर्को ताम्रपत्र ने.सं. ५३७ (वि.सं. १४७४) मा 'जोगी भराद' लाई चिउरा बाँड्ने उल्लेख गरेको छ । यसबाट त्यहाँ रहने जोगीहरूलाई सहयोग गरेको देखिन्छ। काष्ठमण्डपमा नाथजोगीहरू रहने गरेको पुष्टि हुन्छ। त्यहाँको अर्को ताम्रपत्र ने.सं. ५८५ (वि.सं. १५२२) मा राजा यक्षमल्लको पालामा गौडदेशबाट आएका चैतन्यनाथ योगीले काष्ठमण्डपमा रहेका 'अवधूत' अर्थात् नाथयोगीहरूलाई असार महिनाको कृष्ण आमावस्या तिथि मङ्गलवारका दिन षड्रस अन्नदान वा चक्र अर्थात् भण्डारा

गरेको र त्यस्तो भण्डारा प्रतिवर्ष माघमास पूर्णिमामा गर्नका लागि नौ रोपनी जग्गा गुठी राखेको उल्लेख गरिएको छ (योगी,२०१० पृ.१२) । यो अभिलेखमा काष्ठमण्डपमा बस्ने जोगीहरूलाई 'योगीश्वर' भनेर उल्लेख गरिएको छ। यसले त्यो ठाउँमा नाथयोगीहरू रहन्थे भन्ने प्रमाणित हुन्छ। यहाँका नाथयोगीहरूको गौडदेशसित पनि सम्बन्ध रहेको देखिन्छ। यो अभिलेखमा 'नमः श्री गोरक्षनाथाय' भनेर सम्मान प्रकट गरिएको छ । एउटा संस्कृत श्लोकमा गोरखनाथको स्तुति यसरी गरिएको छ–

*अनादिपरमं ब्रह्म निष्कलं सचराचरम् ।*
*ध्यायन्ते योगिनो नित्य गोरक्ष प्रणमाम्यहम् ।*

रत्नमल्ल र अरिमल्लको समयमा काष्ठमण्डपको ने.सं. ६०१ (वि.सं. १५४२) को ताम्रपत्रमा हेतनाथ जोगी भलादले गोसाइँकुण्डको यात्राबाट फर्किएपछि त्यहाँ रहेका जोगीहरूलाई भण्डारा गरेको उल्लेख छ। हेतनाथले १५ रोपनी जग्गा गुठी राखेको देखिन्छ। राजा रत्नमल्लको शासनकालमा काष्ठमण्डपको ने.सं. ६३२ (वि.सं. १५६९) को सुवर्णपत्रको लिखतमा बालानाथ नाम भएका नाथ योगीले काष्ठमण्डपमा प्रतिवर्ष 'जोगीचक्र' वा भण्डारा खुवाउनका लागि चार तोला सुनको गुठी राखेको उल्लेख गरिएको छ । काठमाडौँको असनमा प्राप्त ने.सं. ६८८ (वि.सं. १६२४) को ताम्रपत्रमा पद्मनाथ कुशलेले आफ्ना भाइ मायानाथका नाममा 'गोरखपादुका' मा सुनको तोरण चढाएको उल्लेख छ (राजवंशी २०२९,पृ. ४३–४४) । मृगस्थली गोरक्षपीठमा ने.सं. ७८८ (वि.सं. १७२५) को अभिलेखमा परदेशी वारनाथ जोगी गुठी राखी यो अभिलेख राखेका र त्यसमा 'श्री ३ गोरख' उल्लेख रहेको छ। उक्त अभिलेखमा गुठीबाट प्रत्येक वर्ष वैशाखशुक्ल अष्टमीमा गोरखनाथको पञ्चोपचारले पूजा गरेपछि बाह्रपन्थी नाथ जोगीहरूलाई भोजन गराउने उल्लेख छ । मृगस्थली गोरखनाथ मन्दिरसम्बन्धी यो पहिलो प्रमाणिक अभिलेख मानिन्छ।

राजा जयस्थिति मल्लको ने.सं.८८३ (वि.सं. १८२०) को अभिलेखमा गोरक्षपीठमा आउने नाथलाई एक कुरुवा चामल र नुन दिने व्यवस्था गरेको देखिन्छ। मृगस्थली गोरक्षपीठमा रहेको ने.सं.८९२ (वि.सं. १८२९) को हिन्दी भाषामा लेखिएको अभिलेखमा गेवीनाथ माताकी चेली क्षमानाथ माताले गोरखनाथको सम्मानमा अखण्ड धुनी बनाएको उल्लेख छ। मृगस्थली गोरक्षपीठका सम्बन्धमा वि.सं. १८४९ मा राजा रणबहादुर शाहले पशुपतिनाथ र अन्य देवताको पूजाका लागि गुठी राख्दा गोरखनाथलाई चिउरा नैवेद्य चढाउने व्यवस्था गरिएको देखिन्छ। त्यसै गरी वि.सं. १९०२ को अभिलेखमा उपेन्द्रविक्रम शाहले साम्राज्येश्वरी देवीको स्थापना गरेर त्यसको पूजाको व्यवस्था गर्दा गोरखनाथलाई भाद्रशुक्ल चतुर्दशीका दिन पूजाका लागि दुई रुपैयाँ छुट्याएको देखिन्छ। १९८९ को सरकारी लिखतमा पनि गोरखनाथमा एउटा बत्ती राख्ने उल्लेख छ। त्यसैगरी पशुपतिको भण्डारखाल बगैँचाबाट गोरखनाथ मन्दिरका लागि प्रतिदिन तीन माला दिने कुरा उल्लेख गरिएको छ (धमला, २०७९ पृ.१४७–१५८)।

राणाहरूले पनि आफू शासनसत्तामा रहँदा मृगस्थली गोरक्षपीठका लागि केही दानदातव्य गरी अभिलेख राखेको देखिन्छ । मृगस्थली गोरक्षनाथ मन्दिरमा रहेको वि.सं. १९०६ को शिलालेखमा जङ्गबहादुरकी आमा रक्षाकुमारी देवीले गोरखनाथ मन्दिरको गजुरको जीर्णोद्धार गरेर केही सत्तलहरू बनाएको र प्रतिवर्ष गोरखनाथ मन्दिरमा होम गर्न र रोट चढाउनका लागि आफ्ना बाबु नरसिंह थापाबाट पाएको २२ रोपनी जग्गा गुठी राखेएको उल्लेख छ। उक्त मन्दिरमा श्री ३ वीरशमशेरले वि.सं.१९५१ को अभिलेखसँगै घण्टा चढाएको देखिन्छ। वि.सं. १९८१ मा श्री ३ चन्द्र शमशेरले त्रिशूल चढाएको कुरा त्यहाँ रहेको अभिलेखबाट देखिन्छ। (शर्मा, २०७९ पृ. १४३–१४५)

## त्यो असुर गुफा नभएर गोरखनाथ गुफा हो

बौद्धमार्गीहरूले गोरखनाथ गुफालाई असुर गुफाका रूपमा मान्दै आएको पाइन्छ। तर असुर गुफा गोरखनाथ गुफाभन्दा अलि तल रहेको छ। असुर गुफा गोरखनाथ गुफादेखि केही तल रहेको छ। यहाँ भिक्षु रिम्पोछेले ध्यान गरेर असुरलाई धपाएकाले यो गुफाको नाम असुर गुफा रहेको हो भनिन्छ । गोरखनाथ स्थानबाट केही तलको चट्टानदार पहरामा असुर गुफा नाम गरेको गुफा रहेको छ। असुर अर्थात् राक्षसलाई धपाउन गुरु रिन्पोछेले ध्यान गरेको

ठाउँ भएकाले यसलाई रिम्पोचे गुफा पनि भनिन्छ भन्ने स्थानीयको भनाइ छ (श्रेष्ठ, २०७८, पृ. ८०–८१)। योगी बलभद्रनाथले बताएअनुसार वि.सं. २०२८–२०३० तिर गोरखनाथको पादुका रहेको गोरखनाथ गुफामा लामाहरूले अधिकार पाएको राजा विरेन्द्र र थापाथली मठका महन्त महावीर नाथको पालामा हो (योगी बलभद्रनाथ, अर्न्तवार्ता २०८२ जेष्ठ १२)। त्यतिबेला लामाहरूको तर्फबाट सेतो गुम्बाका छेचुकुशुले अगुवाइ गरेका थिए। थापाथली मठका महन्त नारायण नाथको स्मरणअनुसार २०२८ सम्म पनि फर्पिङका गोरखनाथ गुफासँगै नाथयोगीहरू बस्ने कुटी र धुनीसमेत थियो (योगी नारायणनाथ, अर्न्तवार्ता २०८२ जेठ १२)। तर लामाहरूको अधिकारमा उक्त स्थान गएपछि ती सबै विस्तारै भत्काएर समाप्त पारिएको छ।

## *पद्मसंभव गोरखनाथका शिष्य थिए*

योगी बलभद्रनाथको भनाइअनुसार यही गुफामा गोरखनाथले पद्मसंभवलाई दीक्षा दिनु भएको यियो। यो कुरा पुष्टि गर्दै कुलचन्द्र कोइरालाले श्री गुरु गोरखनाथ भन्ने पुस्तिकामा अन्य विभिन्न स्रोतअनुसार यो भनिएको पाइन्छ– श्री गोरक्षका शिष्य पद्मसंभव थिए, जसको समय ७२१—७७२ थियो। पद्मसंभव घोर तान्त्रिक सिद्ध थिए र यिनी ७४७ ई. मा श्रीशान्तरक्षितको अनुरोधमा तिब्बत गएका थिए (कोइराला २०५२ पृ. २०)। पद्मसंभवले पनि तिब्बत जानुभन्दा पहिले नेपालका विभिन्न स्थानहरूमा रहेर विभिन्न तान्त्रिक साधना गरेका थिए।।

## *अचम्मको संयोग : अचिन्तनाथका बारेमा*

ने.सं. ५११ (वि.सं.१४४७) मा प्रसिद्ध राजा जयस्थिति मल्लको राज्यकालमा अचिन्तनाथले फर्पिङको गोरखनाथ गुफा अगाडि शिलाको गोरखपादुका निर्माण गरेर प्रतिष्ठा गरेको व्यहोरा अभिलेखमा उल्लेख गरेको छ (श्रेष्ठ, २०७८ पृ. ७९)। उता भारतीय लेखक आचार्य अभयदत्तश्रीबाट लेखिएको चौरासी सिद्धोंका वृत्तान्तमा गोरखनाथका विषयमा यस्तो लेखिएको छ– महायोगी अचिन्तनाथले एक जना गाई पाल्ने बालकलाई अभिषेक गरेर दीक्षा दिएका थिए। उनले साधना गर्दै महामुद्रा परमसिद्धि हासिल गरेका थिए। ती बालक मानिसहरूलाई मुक्त पनि गराएर गाई पालन पनि गर्दै रहे। तिनै बालकको पछि गएर गोरक्षका नामले प्रसिद्ध भए (आचार्य,१९९८ पृ. ३१–३३)।

यता नेपालमा फर्पिङको गोरखनाथ गुफा अगाडि अचिन्तनाथले गोरखनाथको पादुका स्थापना गरेको लिखित अभिलेख नै छ भने उता भारतमा गोरखनाथलाई महासिद्धिको अवस्थामा पुऱ्याउने योगीको नाम पनि अचिन्तनाथ नै लेखिएको छ। यसरी गोरखनाथका बारेमा आचार्य अभयदत्तश्रीले उल्लेख गरेको योगी र फर्पिङको गोरखनाथ गुफा अगाडि पादुका स्थापना गर्ने योगीको नाम मिल्नु कुनै संयोग मात्रै नहुन पनि सक्छ। भारतमा अतिराष्ट्रवादीहरूका कारण नेपालमा प्रमाणित आधारहरू भएका देवीदेवताहरूलाई पनि धार्मिक उद्योग फस्टाओस् भनेरै उतैको देखाउने प्रचलन कुनै नौलो होइन ।

## *गोरखनाथ गुम्बा*

सिन्धुपाल्चोकका केही गुम्बाहरू र गुठीको नाम गोरखनाथसँग जोडिएर आउनुमा पनि यी दुई सम्प्रदायमा भेटिने समानताका लक्षण हुन सक्तछ। सिन्धुपाल्लोकको हेलम्बु गोरखनाथ च्याङ रासिककानि भगवान् गुठी, भोटाङ दुवाडे श्री गोरखनाथ पञ्चपोखरी लामा गुठी, गुंसा घ्याङको गोरखनाथ गुठी (स्मारिका, २०७१ पृ. २७–२८)। बाह्रबिसे नपा– ७ को गोरखनाथ घ्याङ गुम्बा, सोही नपा– २ को गोरखनाथ गुम्बा, भोटेकोशी गापा– ५ को गोरखनाथ सार्वजनिक गुम्बा, पाँचपोखरी थाङपाल गापा– २ मा रहेको गोरखनाथ लकाङ घ्याङ गुम्बा, बाह्रबिसे नपा– ६ को गोरखनाथ उर्गेलिङ गुम्बा (वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. ८६—९२)। गुम्बाका नाममा किन गोरखनाथ जोडिएको लिखित सन्दर्भ खासै भेटिँदैन। बज्रयानी बौद्धहरूले पनि सिद्ध परम्परा मान्छन्। नाथ सम्प्रदाय र बौद्ध सम्प्रदायका सिद्धहरूको सङ्ख्या ८४ नै मान्ने गर्दछन् र कैयौँ सिद्धहरू दुवैतिर मान्ने परम्परा रहेको छ। मछिन्द्रनाथ र गोरखनाथ दुवैतिर मानिने सिद्ध गुरुहरू हुन्। यी कारणहरूले पनि कतिपय गुम्बाका नाममा गोरखनाथ जोडिएको हुन सक्छ।

## *नाथ र बौद्ध परम्पराका समानताका कुरा*

नाथ सम्प्रदाय र बौद्ध धर्ममा खासगरी बज्रयानीका साधना परम्पराका कयौँ साझा पद्धति र परम्परा भेटिन्छ। खास गरी तारासहितका साधनाका मन्त्र र साधनापद्धतिमा समानता भेटिन्छ। नाथ तथा बज्रयानी बौद्ध धर्मालम्बीमा भेटिने जोगी चक्रपूजा पनि हो । यो चक्रपूजा साँखुको खड्गयोगिनी, गुह्येश्वरी, मत्स्येन्द्रनाथसहितका ठाउँहरूमा देख्न सकिन्छ । ती चक्रपूजा नाथ योगीहरूबाटै गराइने प्रचलन रहिआएको छ । नाथहरूले गर्ने जोगी चक्रपूजा र बौद्ध धर्मालम्बीहरूले गर्ने गणचक्रपूजामा कतै न कतै समानता पनि पाउन सकिन्छ । नाथ योगीहरूबाट मात्रै गराइने जोगी चक्रपूजा बौद्ध धर्म मान्ने नेवारी समुदायमा प्रचलित विभिन्न जात्रापर्व सुरु गर्ने बेलामा गरिन्छ। रातो र सेतो मछेन्द्रनाथ, बज्रयोगिनीको जात्रा, बिस्केट जात्रा रथ यात्रा सुरु गर्नुभन्दा पहिले जोगी चक्रपूजा गर्ने चलन छ। बज्रयानी बौद्धहरूले महिनामा दुईपल्ट चक्रपूजा गर्दछन्। नाथ जोगी र बज्रयानी बौद्धमार्गीहरूले गर्ने चक्रपूजाको समान पक्षमध्ये दुवैले पञ्चमकारमध्येको मांस र मद्य प्रयोग गर्दछन् ।

## *गोरखनाथको जन्म या प्रकटीकरण*

भारतीय लेखकहरू गोरखनाथलाई भारतमा जन्मेको देखाउन उद्यत देखिन्छन् । तर उनीहरूले गोरखनाथलाई भारतीय देखाउन प्रयोग गरेका तथ्य र प्रमाणहरू अधुरा र अपूरा देखिन्छन्। नेपाली नाथहरू गोरखनाथलाई अयोनिज अजन्ममा रूपमा विश्वास गर्दछन्। गोरखनाथलाई शिवको अवतारका रूपमा विश्वास गरे तापनि गोरखनाथ नेपालमा प्रकट भएको किम्वदन्ती र तथ्यहरू रहेका छन्।

***धर्मावती-वृद्धगण्ड्योन्तरे रुचिरोऽभितः ।***
***भाति गोरक्षशैलोऽयं शिवगोरक्षसम्भवः ॥१७२॥***
***कैलासकुटभवनाभ्यन्तरे रुचिरा गुह्या ।***
***यतः प्राकट्यमायातो द्वादशाब्दिकबालवत् ॥१७३॥***

(योगी २०३८ : ३८)

अर्थात् धर्मावती र बुढीगण्डकीका बिचमा प्राकृतिक रूपले अतिरमणीय गगनचुम्बी गोरक्षशैल (गोरख पर्वत) सुशोभित रहेको छ । यहीँ शिवले गोरखनाथको रूपमा अवतार लिनुभएको थियो। गोरक्षशैलमा कैलाशकुट दरबार छ। यसको नजिकै शिवगोरक्ष गुफा छ। यही गुफामा शिव बाह्र वर्ष उमेरको गोरखनाथका रूपमा अवतरण हुनुभएको थियो ।

***वैशाखी-शिवपूर्णिमा-तिथिवरे वारे शिव मङ्गले ।***
***लोकानुग्रह-विग्रहः शिवगुरुर्गोरक्षनाथोऽभवत् ।***

अर्थात् वैशाख पूर्णिमाको मङ्गलमय मङ्गलबार भगवान् शिवले गोरखनाथका रूपमा अवतार लिनुभएको थियो (योगी, २०३८ पृ.३८–३९)। यही सम्झनामा गोरखनाथ मठ मन्दिरहरूमा प्रत्यके मङ्गलबारका दिन गोरखनाथको विशेष पूजा तथा रोट अर्पण गर्ने गरिन्छ।

## *नाथ र जातीय समानता*

समग्रमा नाथ भनेको हिन्दुका गुरु, मुसलमानका पीर, आदमका फकिरका रूपमा जानिने परम्परा हो । यो पञ्चम वर्णीय समानतामा आधारित धार्मिक सम्प्रदाय हो। समाजलाई जोड्ने योजक पनि हो। ***जन्मना जायते शुद्रः संस्कारद् द्विज उच्यते*** अर्थात् जन्मदा सबै शूद्रै हुन्छन् । संस्कारले उच्च हुने हो। पञ्चम वर्ण वा वर्ण व्यवस्थाभन्दा माथिको अभ्यास पनि नाथ परम्पराको सुन्दर अभ्यास मान्न सकिन्छ । यद्यपि नाथ परम्परामा पहाडे ब्राह्मणहरूको प्रवेशसँगै कथित तल्ला जाति भनिएकाहरू उपेक्षित भएको आलोचना पनि नाथ समाजले पाउँदै आएको छ।

नाथहरू र बज्रयानी बौद्ध सम्प्रदायमा भेटिने अर्को समानता भनेको सिद्ध परम्परा र सिद्धहरूको सङ्ख्या पनि हो। दुवै सम्प्रदायमा चौरासी सिद्धको मान्यता रहिआएको छ । यी चौरासी सिद्धहरूमध्ये कैयौँ सिद्धहरू दुवैतिरको सूचीमा भेट्न सकिन्छ। यस्तै नाथ र इस्लाम समुदायमा पनि भेट्न सकिन्छ। नाथहरूले पीर उपाधी लिनु, मोहम्मद बोध नामको एक महिने रोजा बस्ने र साधना गर्ने पद्धति नाथ परम्परामा पनि पाइएको छ। मोहम्मद बोधको साधना पद्धतिको विकास हाजी पीर रतननाथले गरेको मानिन्छ। नाथहरू जातीय भेदभाव र छुवाछुत नमान्ने हुँदा समाजलाई जोड्न सक्ने एक सवल धार्मिक समुदाय पनि हो।

वीर समशेरले नकर्मीकी छोरी पुख्नु महारानी भित्र्याएपछि पानी नचल्ने जात भनेर खैलाबैला भएछ।

तत्कालीन समयका नाथ योगी हिरानाथले पुखु महारानीको हातबाट पानी खाएर पानी चलाएको प्रसङ्ग योगी बलभद्रनाथ अहिले पनि स्मरण गरिरहनुहुन्छ (योगी बलभद्रनाथ, अर्न्तवार्ता २०८२ जेष्ठ १२)। नाथ शब्द पुलिङ्गी शब्द हो। नाथ परम्परामा नारीले पनि दीक्षित हुने र जनै (शिवशुत्र) लगाउन पाउने व्यवस्था रहेको छ। नव नाथमध्ये उदयनाथ आफैँ माता पार्वती भएकाले पनि नाथ परम्परामा नारीको सम्मान र भूमिका समान र सम्मानजनक देखिन्छ। नाथ परम्परामा दीक्षित नारीलाई सम्बोधन गर्ने क्रममा नाथजी महाराज वा नाथजी भनेर सम्बोधन गर्ने गरिन्छ। नारी नाथलाई स्त्रीलिङ्गी सम्बोधन गरिदैन। यसबाट पनि नाथ परम्परामा नारीको स्थान पुरुष नाथसरह समान रहेको पाउन सकिन्छ। धार्मिक क्षेत्रमा यस खालको समानता अन्यत्र विरलै देख्न पाइन्छ।

## *निष्कर्ष*

नाथ परम्पराका बारेमा अध्ययन गर्दा नाथ परम्परामा रहेका पद्धतिहरूका बारेमा सतही बुझाइका कारण सही सूचना सम्प्रेसण हुन नसकेको भान हुन्छ। नेपाली नाथहरू लेखनमा त्यति ध्यान दिँदैनन्। साधनाबाट प्राप्त ज्ञानलाई लेखनमा उतारेमा वास्तविकता नजिक पुग्न सकिन्थ्यो। तर जो साधक हो, उसले लेख्दैन र जसले लेख्छ; ऊ साधक होइन। यसकारण पनि उचित जानकारी नआउने गरेको हो। खासगरी भारतीय नाथ साहित्यमा नाथ परम्परालाई भारतीयकरण गर्ने अतिराष्ट्रवादी चिन्तनका कारण पनि कैयौँ तथ्यहरू बङ्ग्याइएको भेटिन्छन्। जस्तै– चौरासी सिद्धको जन्मका कुराहरू पूरै भारततिरै देखाइने गरिन्छ। राजा विक्रमादित्यकै कुरा गर्ने हो भने पनि उनी नेपाली भएको कुरा भाषा वंशावलीमा स्पष्टै छ; तर उतै देखाइने गरिन्छ। यस्ता अनगिन्ती प्रमाणहरू भेट्न सकिन्छ। केही प्रसङ्गहरू यो लेखमा पनि चर्चा गरिसकिएको छ। अहिले धर्मका नाममा खानपान र छुवाछुत पनि सँगसँगै बढिरहेको छ। यसले समाजलाई जोड्नेभन्दा पनि तोड्ने काम गरिरहेको छ। हिन्दु धार्मिक अभ्यासमा आएको यो एक खालको विकृति हो। यस्तो अवस्थामा जातीय र लैङ्गिक समानताका लागि नाथ सम्प्रदाय महत्त्वपूर्ण हुन सक्छ। विविध धर्म, जाति तथा लिङ्ग भेद अन्त्य गराउन नाथ अत्यन्तै सहयोगी हुन सक्छ। नाथ सम्प्रदाय समाजले पनि स्वीकार गरिरहेको सम्प्रदाय हो। हठयोगको अभ्यासमा आधारित नाथ सम्प्रदाय समाज जोड्ने अर्को योजक वा समाज योगको सुन्दर माध्यम बन्न सक्ने देखिन्छ।

## *सन्दर्भ समाग्रीसूची*


आचार्य, अभयदत्तश्री (१९९८). *चौरासी सिद्धों का वृत्तान्त.* सारनाथ, वाराणसी : केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान।

कोइराला, कुलचन्द्र (२०५२). *श्रीगुरु गोरखनाथ.* काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान।

धमला, टि.पी. (२०७९). *नेपालमा नाथयोग इतिहास र साधना.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, काठमाडौं।

नाथ, नरहरि (२०३८). आध्यात्मिक नेपाल एवम् देवदेशों–हिमालय. मृगस्थलीकाठमाडौँ : गोरक्षपीठ।

नवलजी श्री (२०१३). *नालन्दा विशाल शब्दसागर.* नई दिल्लीः आदीस बुक डिपो।

पौडेल, नयनाथ (सं.) (२०२०). *भाषा वंशावली.* काठमाडौँ : पुरातत्त्व विभाग।

पौड्याल, शिवप्रसाद (२०७६). *नेपाली उखान सङ्ग्रह.* ललितपुर : साझा प्रकाशन।

लम्साल, देवीप्रसाद (सं.). (२०२०). *भाषा वंशावली.* (भाग २). काठमाडौँ : पुरातत्त्व विभाग।

शर्मा, कृष्णचन्द्र (२०७९). *नेपालमा नाथ योग दर्शनको परम्परा.* काठमाडौँ : ..........।

शर्म्मा (नेपाल), वसन्तकुमार (२०७१). *शब्दार्थ नेपाली शब्दसागर.* काठमाडौँ : शब्दार्थ प्रकाशन।

श्रेष्ठ, टेकबहादुर (.......) *फर्पिङको ऐतिहासिक रूपरेखा.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

ज्ञवाली, अर्जुन (२०७६). महायोगी गुरु गोरखनाथ अवतरण र नेपाल एकीकरण. काठमाडौँ : ब्रदर्स बुक्स।

.................... (२०७६). *गोरक्षरत्न स्मारिका.* दाङ : सिद्ध रतननाथ मठ।

.................. (२०७१). *स्मारिकाः स्वर्ण जयन्ती समापन वर्ष.* काठमाडौँ : गुठी संस्थान।

........................... (२०७६). *वार्षिक प्रगति प्रतिवेदन.* ललितपुर : बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति।

Bhattarai, M. (n.d.). Nepal: The birth place of Kalidas. Forgotten Books. Retrieved June24,2025, from https://www.forgottenbooks.com/en/books/NepalTheBirthPlaceofKalidas_10221572